नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ३६३

मितिः २०८३/०१/०२

नेपाल संवत् ११४६

विषयः वैशाख महिनालाई पूर्ण खोप सुनिश्चिता तथा दिगोपना महिनाका रुपमा मनाउने सम्बन्धमा।

श्री गाउँपालिका सबै,
श्री नगरपालिका सबै।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखाको प.सं. २०८२/०८३, च.नं. २०४, मिति २०८२/१२/३० को वैशाख महिनालाई पूर्ण खोप सुनिश्चिता तथा दिगोपना महिनाका रुपमा मनाउने सम्बन्धी पत्र र सोसाथ प्राप्त स्वास्थ्य सेवा विभागको पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

स्वास्थ्य समन्वय महाशाखा

सिंहदरबार

काठमाडौं नेपाल

पत्र संख्या - २०८२/०८३

च. नं. २०४

मितिः२०८२/१२/३०

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

विषयः समन्वय गरिदिने वारे।

प्रस्तुत विषयमा हरेक वर्षको अप्रिल महिनाको २४-३० मा विश्वव्यापी रुपमा मनाइने "खोप सप्ताह" (Immunization Week) यस वर्ष पनि "For every generation, vaccines work" भन्ने नाराका साथ मनाइने सन्दर्भ र नेपाल सरकारद्वारा वैशाख महिनालाई घोषणा गरेको "पूर्ण खोप सुनिश्चितता तथा दिगोपना महिना" का रुपमा मनाउने घोषणा गरेको अवसरमा तोकिए अनुसारका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न, स्थानीय तह तथा वडास्तरमा खोप सेवालाई व्यापक र प्रभावकारी वनाई अभियान सफल पार्न सवै स्थानीय तहहरूमा पत्राचार गरिदिनुहुन अनुरोध छ। सो सम्वन्धमा स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखावाट प्राप्त पत्र यसै साथ संलग्न गरिएको छ ।

..........................

हेमराज न्यौपाने

वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा

फोन नं. ५३६२२७३
Web Site: www.fwd.gov.np
Email: fwdnip2035@gmail.com

प.सं. २०८२/०८३ च.नं. ८८६

टेकु, काठमाडौं, नेपाल ।

मितिः २०८२/१२/२७

विषयः <u>समन्वय सम्बन्धमा ।</u>

श्री स्वास्थ्य समन्वय महाशाखा
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत सम्बन्धमा प्रत्येक वर्ष **April 24–30** मा विश्वव्यापी रूपमा मनाइने **Immunization Week (खोप सप्ताह)** यस वर्ष पनि "For every generation, vaccines work" भन्ने नाराका साथ मनाइने भएको छ । साथै, नेपाल सरकारद्वारा **बैशाख महिनालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना महिनाका** रूपमा घोषणा गरी सो अनुसार कार्यान्वयनका लागि सबै स्थानीय तह तथा जिल्लाहरूमा कार्यक्रम तथा बजेट विनियोजन भएको छ ।

विगत केही वर्षदेखि विभिन्न जिल्लाहरूमा खोप छुट बालबालिकाको संख्या बढ्दै गएको तथा खोपबाट बचाउन सकिने रोगहरूको महामारी समेत देखा परिरहेको सन्दर्भमा, आगामी बैशाख महिनाभरि तपशिल बमोजिमका कार्यक्रमहरू स्थानीय तह तथा वडास्तरमा व्यापक र प्रभावकारी रूपमा सञ्चालन गरी बैसाख महिनालाई खोप महिनाको रूपमा मनाई **पूर्ण खोप सुनिश्चितता तथा दिगोपना** गर्न गराउन **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय** तहहरूमा आवश्यक जानकारी प्रवाह तथा समन्वयका लागि पत्राचार गरिदिनु हुन निर्देशानुसार अनुरोध छ ।

<u>तपशिलः</u>

१. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू (FCHVs) परिचालन गरी पाँच वर्षमुनिका बालबालिकाहरूको घरधुरी सर्वेक्षण सञ्चालन गर्ने र उमेर अनुसार लगाउनुपर्ने खोपको स्थिति एकिन गर्ने ।
२. छुट खोप भएका बालबालिकाको पहिचान गरी अभिभावकलाई खोप पूरा गराउन परामर्श प्रदान गर्ने तथा नजिकको नियमित खोप केन्द्र संचालन हुने स्थान, मिति र समयबारे जानकारी गराउने ।
३. पहिचान भएका बालबालिकालाई बैशाख महिनामा सञ्चालन हुने नियमित खोप केन्द्रसम्म ल्याउन/लैजान सहजीकरण गर्ने ।
४. नियमित खोप सेवा सुदृढ गर्दै प्रभावकारी रूपमा नियमित खोप सत्र सञ्चालन गर्ने तथा छुट खोप भएका बालबालिकालाई प्राथमिकताका साथ खोप सेवा प्रदान गर्ने ।
५. बैशाख १५–३० गते सम्म सञ्चालन हुने पोषण अवस्थाको लेखाजोखा कार्यक्रमसँग समन्वय गरी सो क्रममा छुट खोपको विवरण अद्यावधिक गर्ने ।
६. विगत वर्षहरूको खोप प्रगति विश्लेषणका आधारमा उच्च जोखिम रहेका समुदाय, स्वास्थ्य संस्था तथा क्षेत्रहरूको पहिचान गरी लक्षित जनचेतनाका कृयाकलापहरू तथा खोप सेवा सञ्चालन गर्ने ।
७. आवश्यकता अनुसार बैशाख ३१ गतेका दिन स्थानीय तहका थप खोप सेसन सञ्चालन गर्नुपर्ने पहिचान भएका स्थानहरूमा अतिरिक्त खोप सत्र सञ्चालन गरी सबै छुट खोप पूरा गर्ने व्यवस्था मिलाउने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा

फोन नं. ५३६२२७३
Web Site: www.fwd.gov.np
Email: fwdnip2035@gmail.com

प.सं. २०८२/०८३ च.नं. ८८३

टेकु, काठमाडौं, नेपाल ।

८. खोपबाट वञ्चित बालबालिकाको खोजपडताल गरी "खोज र खोप (Search and Immunize) अभियानलाई नियमित खोप सेवा भित्र समावेश गर्दै खोप सेवाको सुदृढीकरण गर्ने । हरेक वर्ष जस्तै पूर्ण खोप सुनिश्चतता तथा दिगोपनाका कृयाकलापहरू सञ्चालन गर्ने ।

९. बैशाख महिनालाई खोप महिनाको रूपमा प्रभावकारी रूपमा मनाउन समुदाय परिचालन गर्दै विद्यालय, आमा समूह, युवा क्लव, जनप्रतिनिधि, सामाजिक अगुवा तथा स्थानीय संघसंस्था मार्फत जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

१०. सामाजिक सञ्जाल, स्थानीय एफ.एम., माइकिङ लगायतका आमसञ्चार माध्यमहरूको प्रयोग गरी खोप सम्बन्धी सन्देश व्यापक रूपमा प्रवाह गर्ने ।

११. संकलित विवरणहरू निर्धारित फाराममा अभिलेख राखी DHIS2 प्रणालीमा समयमै प्रविष्ट गर्ने तथा खोप प्रगति, प्राप्ति र खर्च विवरण बिच समन्वय सुनिश्चित गर्ने ।

..............................
डा. अभियान गौतम
प्रमुख
बाल स्वास्थ्य तथा खोप सेवा शाखा

<u>सादर अवगतार्थः</u>

श्रीमान् सचिवज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार ।
श्रीमान् महानिर्देशकज्यू, स्वास्थ्य सेवा विभाग, टेकु ।

<u>बोधार्थः</u>

श्री स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशः समन्वय र सहजीकरणको लागि ।
श्री स्वास्थ्य निर्देशनालयः कोशी, मधेश, बागमती, लुम्बिनी र सुदुरपश्चिम प्रदेशः समन्वय र सहजीकरणको लागि ।
श्री स्वास्थ्य सेवा निर्देशनालयः कर्णाली प्रदेशः समन्वय र सहजीकरणको लागि ।
श्री स्वास्थ्य/जनस्वास्थ्य/स्वास्थ्य सेवा/जनस्वास्थ्य सेवा/प्रदेश जनस्वास्थ्य कार्यालयः आवश्यक व्यवस्थापन, समन्वय र सहजीकरणको लागि ।